कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

सचिवज्यू : ०८३-५२५६१२
प्रशासन शाखा : ०८३-५२३६७२
फ्याक्स : ०८३-५२२०२९

पत्र संख्या: २०८२/०८३ (प्रशासन शाखा)
चलानी नं.

## स्नातक तहमा अध्ययनको लागि छात्रवृत्ति (शिक्षण शुल्क मात्र) को लागि आवेदन पेसगर्ने सम्बन्धी

## अत्यन्त जरुरी सूचना

मिति : २०८३/०३/२९

काठमाडौं विश्वविद्यालय केन्द्रीय कार्यालय धुलिखेल काभ्रेपलाञ्चोकको स्नातक तहमा छात्रवृत्तिका लागि विद्यार्थी सिफारिस गरिदिने विषयक पत्रको आधारमा कर्णाली प्रदेश स्थायी ठेगाना भई काठमाडौं विश्वविद्यालय, धुलिखेल अन्तर्गत देहायबमोजिमको विषयहरूमा शिक्षण शुल्क छात्रवृत्तिमा अध्ययन गर्न चाहने विद्यार्थीहरूले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र मिति २०८३ श्रावण ११ गते साँझ ५:०० बजेसम्म तोकिएको ढाँचामा आवेदन पेसगर्न सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ।

छात्रवृत्ति दिइने विषय र कोटा:

| क.स. | विषय | कोटा | कैफियत |
|---|---|---|---|
| १. | B.Sc. in Environmental Science | १ जना | शिक्षण शुल्क मात्र निशुल्क |
| २. | B.Sc. in Agriculture | १ जना | शिक्षण शुल्क मात्र निशुल्क |
| ३. | Bachelor in health informatics | १ जना | शिक्षण शुल्क मात्र निशुल्क |
| ४. | B.E. in Mining Engineering | १ जना | शिक्षण शुल्क मात्र निशुल्क |
| ५. | B.E. in Chemical Engineering | १ जना | शिक्षण शुल्क मात्र निशुल्क |
| ६. | B.E. in Environmental Engineering | १ जना | शिक्षण शुल्क मात्र निशुल्क |
| जम्मा | | ६ जना | |

शर्तहरू:

क. सम्बन्धित छात्रवृत्तिमा आवेदन पेसगर्ने विद्यार्थीको स्थायी ठेगाना कर्णाली प्रदेश अन्तर्गतको जिल्ला हुनुपर्नेछ।

ख. छनौट भएमा विद्यार्थीहरूको छात्रवृत्ति रकम अन्तर्गत शिक्षण शुल्क (Tuition fee) मात्र पूर्ण रूपमा निशुल्क हुनेछ, अन्य शुल्क विद्यार्थीले विश्वविद्यालयलाई नियमानुसार बुझाउनुपर्नेछ।

ग. छात्रवृत्तिमा आवेदन पेश गर्दा सम्बन्धित आवेदनले पेश गरेको सम्पूर्ण कागजातको प्रतिलिपि आफैले प्रमाणित गर्नुपर्नेछ।

घ. यो छात्रवृत्ति कार्यक्रममा विज्ञान संकायमा कक्षा १२ उत्तीर्ण भएका विद्यार्थीहरू मात्र समावेश हुन पाउनेछन्।

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

सचिवज्यू : ०८३-५२५६१२
प्रशासन शाखा : ०८३-५२३६७२
फ्याक्स : ०८३-५२२०२९

विद्यार्थीले आवेदन साथ पेश गर्नुपर्ने कागजातहरू:

क. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि/नागरिकता नबनेको भए जन्मदर्ताको प्रतिलिपि।
ख. शैक्षिक योग्यताको प्रमाणपत्रहरूको प्रतिलिपि।
ग. विपन्न विद्यार्थीको हकमा स्थानीय तहको सिफारिस।
घ. छात्रवृत्ति प्राप्त गर्ने विषयगत प्राथमिकता क्रम।
ङ. आफूले अध्ययन गरेको विद्यालय सरकारी वा निजी खुल्ने कागज वा विद्यार्थीले गरेको स्वघोषणा।
च. स्थानीय तहको आर्थिक रूपमा विपन्न तथा सामाजिक रुपमा बञ्चितिमा परेका लोपोन्मुख, दलित, अपाङ्गता, आदिवासी जनजाति भनी सिफारिस पत्र।

छात्रवृत्तिका लागि छनौटको आधारहरू:

क. शैक्षिक योग्यताको प्राप्तांक बापत अधिकतम ६० अंक:

| GPA | ३.६-४.० | ३.२-३.६ | २.८-३.२ | २.४-२.८ |
|---|---|---|---|---|
| प्राप्ताङ्क | ६० | ५५ | ५० | ४५ |

ख. स्थानीय तहले आर्थिक रूपमा विपन्न भनी सिफारिस गरेको आधारमा अधिकतम २० अंक:
१. स्थानीय तहले आर्थिक रूपमा विपन्न तथा सामाजिक रुपमा बञ्चितिमा परेका लोपोन्मुख, दलित, अपाङ्गता, जनजाति भनी सिफारिस गरेको भएमा - २० अंक
२. स्थानीय तहले आर्थिक रूपमा विपन्न भनी सिफारिस गरेको सिफारिस भएमा - १८ अंक
३. आर्थिक रूपमा विपन्न भन्ने सिफारिस नभएमा - १६ अंक

ग. सामुदायिक सरकारी र संस्थागत विद्यालयमा अध्ययन गरेको भएमा अधिकतम २० अंक:
१. सामुदायिक सरकारी विद्यालयबाट SEE उत्तीर्ण भएको अवस्थामा - १० अंक
२. संस्थागत विद्यालयबाट SEE उत्तीर्ण भएको अवस्थामा - ६ अंक
३. सामुदायिक सरकारी विद्यालयबाट कक्षा १२ उत्तीर्ण भएको अवस्थामा - १० अंक
४. संस्थागत विद्यालयबाट कक्षा १२ उत्तीर्ण भएको अवस्थामा - ६ अंक

आवेदनको नमूना ढाँचा

मिति: २०८३ /   /

श्रीमान् सचिवज्यू,
सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत।

विषय: काठमाडौं विश्वविद्यालयको छात्रवृत्ति (शिक्षण शुल्क) का लागि आवेदन पेश गरेको सम्बन्धमा।

महोदय,

प्रस्तुत विषयमा तँहा मन्त्रालयको मिति २०८३/०३/२९ गतेको सार्वजनिक सूचना बमोजिम म कर्णाली प्रदेश, ........................ जिल्ला, ........................................ नगरपालिका/गाउँपालिका, वडा नं ....... को स्थायी बासिन्दा हुँ। मैले वि.सं. .................... सालमा विज्ञान विषयमा कक्षा १२ उत्तीर्ण गरी कुल ............... GPA प्राप्त गरेको छु। मन्त्रालयबाट प्रकाशित सूचना र शर्तहरूको पूर्ण पालना गरी काठमाडौं विश्वविद्यालयबाट प्रदान गरिने शिक्षण शुल्क छात्रवृत्तिमा छनोट भई अध्ययन गर्न इच्छुक भएकोले देहाय बमोजिम विषयको प्राथमिकताक्रम निर्धारण गरी यो आवेदन पेश गर्दछु।

**अध्ययन गर्न चाहेको विषयको प्राथमिकताक्रम:**

*(आफूले पढ्न चाहेको विषय बमोजिम प्राथमिकरणमा १, २, ३ नम्बर राखी प्राथमिकता तोक्नुहोस्)*

| विषय | प्राथमिकरण |
|---|---|
| B.Sc. in Environmental Science | |
| B.Sc. in Agriculture | |
| Bachelor in health informatics | |
| B.E. in Mining Engineering | |
| B.E. in Chemical Engineering | |
| B.E. in Environmental Engineering | |

निवेदक

नाम :
सम्पर्क नं :
इमेल :
हस्ताक्षर:

संलग्न कागजात

१. नेपाली नागरिकताको प्रमाणपत्र/जन्मदर्ताको फोटोकपी।
२. स्थानीय तहले प्रदान गरेको आर्थिक रूपले विपन्न सिफारिस पत्र।
३. कक्षा १२ उत्तीर्ण गरेको मार्कसिट, चारित्रिक प्रमाण पत्र सहितका आवश्यक अन्य कागजात।
४. स्थानीय तहको आर्थिक रूपमा विपन्न तथा सामाजिक रुपमा बञ्चितिमा परेका लोपोन्मुख, दलित, अपाङ्गता, जनजाति भनी सिफारिस पत्र।